# अहिलेको ठोस राजनीतिक अवस्था र क्रान्तिकारी पार्टी निर्माण

कमरेड अध्यक्ष र सम्पूर्ण कमरेडहरु,
हामीले नेपालको कम्युनिष्ट आन्दोलनमा एउटा नयाँ पहलकदमी सुरु गरेका छौँ । नेपालको कम्युनिष्ट तथा वाम आन्दोलनका वैचारिक तथा साङ्गठानिक विचलनमा क्रान्तिकारी हस्तक्षेप गरेर आन्दोलनलाई पुनर्गठन तथा पुनर्जागरण गर्न नेकपा (संयुक्त) र नेकपा (एकीकृत समाजवादी) पुनर्गठन अभियानका बीच एकता सम्पन्न गरेर नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) को विशेष राष्ट्रिय सम्मेलन, आयोजक कमिटीको यस बैठकमा उपस्थित भएका छौँ । सर्वप्रथम सम्पूर्ण ज्ञातअज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै हाम्रो आन्दोलनका सम्पूर्ण अग्रजहरुप्रति सम्मान व्यक्त गर्दछौँ ।

हामी अहिले मुलुकको असाधारण राजनीतिक परिस्थितिबाट गुज्रिँदै छौँ । जेन्जीको आन्दोलन र त्यसपछि भएको विध्वंशबाट राज्यको सम्प्रभुताले  घुँडा टेकेको, सरकार र संसदले आत्मसमर्पण गरेको, राजनीतिक पार्टीहरुले औचित्य गुमाएको र तिनका नेताहरुले ज्यान जोगाउन भागाभाग हुनु परेको घटना हाम्रो राजनीतिक इतिहासमा असाधारण थियो । त्यसले राज्य, राजनीति, अर्थतन्त्र, सामाजिक सम्बन्ध र मनोविज्ञानमा जुन आधात लागेको छ र जुन अन्योल सिर्जना भएको छ त्यसको निकास धेरै कष्टसाध्य र दूरगामी हुनेछ । लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएको १० वर्षमै यस्तो सङ्कट किन आयो र यसको समाधान कसरी हुन्छ भन्ने कुरा नै आजको राष्ट्रिय राजनीतिक जीवनको मुख्य विषय हो ।

## जेन्जी आन्दोलन र विध्वंशको पृष्ठभूमि

- २०७२ सालमा संविधान जारी भएपछि हाम्रो राष्ट्रिय आकाङ्क्षा आकाशिएको थियो । इतिहासका अविकास, विभेद, शोषण, बाह्य हस्तक्षेपको अन्त्य हुन्छ र लोकतान्त्रिक स्थिरताका साथ मुलुक समृद्धि र समाजवादतर्फ आगाडि बढ्छ भन्ने आशा जनतामा थियो । त्यस्तो आशा र विश्वासको मनोविज्ञान राष्ट्र निर्माणका लागि ऐतिहासिक अवसर हुन सक्थ्यो । तर त्यसपछि नै राजनीतिक पार्टीका नेताहरुको नाङ्गो सत्तालोलुपता,  खेडबाड र निर्वाचन तथा सरकार निर्माणमा भएका लोकतन्त्र विरोधी हर्कतहरुले जनतामा वितृष्णा र आक्रोश बढ्न थालेको थियो ।
- मुलुकको राजनीति, सरकार, संसद, न्याय प्रणाली तथा मुलुकी प्रशासन केही बिचौलियाहरुको नियन्त्रणमा गएका तथ्यहरु छरपस्ट हुँदै जाँदा जनतामा निराशा बढ्दै गयो । राजनीति, नेता र पार्टीहरुको गरिमा घट्दै गयो ।
- नेपाली काङ्ग्रेसका विचार र नीतिहरुले मुलुकका समस्याको समाधान दिँदैनथे । त्यसमाथि, नेपाली काङ्ग्रेसको नेतृत्व गुट जसरी खुल्लमखुल्ला दलाल पुँजीपति बिचौलियाको नियन्त्रणमा गैरहेको थियो । त्यसले मुलुकको रुपान्तरण र जनताको आकाशिएको मनोविज्ञानलाई सम्बोधन गर्न सक्दैनथ्यो ।
- नेतृत्वको असामान्य महत्वाकाङ्क्षाका लागि नेकपा एमाले अराजनीतिकरण हुँदै गयो । त्यसका लागि मुलुक र पार्टीमाथि सङ्कट बढेको देखाउँदै देशभक्त जनता र प्रतिबद्ध पार्टी कार्यकर्ताको भय दोहन गर्नु पर्थ्यो । त्यसले दलाल पुँजीपति बिचौलियासँग हिमचिम र नेताका नालायकीलाई ढाकछोप गर्थ्यो । यसरी नेकपा एमाले सत्ताको खेलमा पूर्णकालीन भैसकेको थियो ।

- माओवादी जनयुद्धले आफ्नो पङ्तिमा असाधारण क्रान्तिकारी भावना सिञ्चित गरेको थियो । अर्कोतर्फ जनयुद्धप्रति घोर घृणा र विरोध पनि सिर्जना गरेको थियो । शान्तिप्रक्रियामा आउँदाआउँदै त्यसको नेतृत्व पङ्ति जनयुद्धका भावना र आदर्श बोक्न नसक्ने र विरोधलाई सामना गर्न नसक्ने गरी सुखसयलमा फस्न थालिसकेको । यस्तो अवस्थामा आम मानिसका दिमागबाट जनयुद्धका सम्झना मेटाइदिनु नै सजिलो बाटो थियो । त्यसका लागि उसले सत्ता राजनीतिमा सक्कली/नक्कली नयाँ नयाँ घटना घटाउँदै जानु पर्‍यो । यस क्रममा माओवादी नेतृत्वले आफुलाई विश्वास गर्न नसकिने शक्तिका रुपमा देशभित्र र बाहिरसमेत स्थापित गरिसकेको थियो ।
- अरु कैयन् साना पार्टीहरु तिनका आफ्नै अस्तित्व रक्षाका लागि एकपछि अर्को गरी ठूला पार्टीका सत्ता गठबन्धनका गोटी बन्दै गए । थोरै संसदीय शक्तिका आडमा माओवादीले प्रधानमन्त्री पाएको देखेका र आफ्नो पालो पनि आउन सक्ने आशमा ती साना पार्टीले आफ्ना मुद्दा बिर्सिंदै गए । नेताहरु भ्रष्टाचारका विभिन्न घटनामा संलग्न भएका कारणले उनीहरुको सुरक्षाका लागि पनि पार्टीहरु सत्तामा रहिरहनु पर्ने भयो ।
- पार्टीहरु आफ्ना घोषित विचारमा रहेनन् । ती सबैजसो पार्टीको मुख्य नेतृत्व राज्यदोहन र भ्रष्टाचारमा लाग्यो । पार्टीका धेरैजसो गुटबन्दी पनि कमाउने प्रतिस्र्धामा भागबण्डा नमिलेपछि हुन थाले । नीति, विधि, सिद्धान्तजस्ता विषय किनारा लगाइए, बदनाम गरिए । राजनीतिको कारोवारीकरण, भ्रष्टीकरण र गुण्डाकरणले पार्टीका असल मानिसहरु किनारा लाग्दै गए । यसरी पुराना भनिएका पार्टीहरु आफैभित्र कमजोर हुँदै गए र जनताको नजरमा पनि गिर्दै गए ।
- राजनीतिक नेतृत्वको नालायकीलाई समाजले दुत्कारिरहेको, उनीहरुमध्ये कैयन्ले मुद्दा खेपिरहेको, कैयन्माथि समाजले प्रश्न गरिरहेको देखेको र राजनीतिक नेतृत्वसँग भ्रष्टाचारका विभिन्न काण्डमा सँगसँग काम गरेको हुँदा प्रशासन तथा सुरक्षा निकायहरुमाथि राजनीतिक नेतृत्वको नियन्त्रण कमजोर हुँदै गयो । नाजायज सम्पत्ति आर्जन गर्ने लोभमा हाम्रो प्रशासनको झण्डै सबैजसो संरचना भ्रष्टाचारमा डुबेको हुँदा त्यसको नैतिक हैसियत नराम्रोसँग खस्केको यियो ।
- यस बिचमा न्यायालयमा जसरी खुल्लमखुल्ला स्वार्थको खेल हुँदै गयो, न्यायाधिशहरुले कार्यकारीमा भागबण्डा खोज्न थाले, उनीहरुका फैसलाहरु जसरी विवादित हुँदै गए, विचौलियाहरुले न्यायालयलाई प्रभावित पार्न थाले त्यसबाट नागरिकहरुमा न्यायको भरोसा मर्दै गयो ।
- संसद हरेक विकृतिको छायाँले ढाकिँदै गयो । राजनीतिक पार्टीहरु, संसद, सरकार र न्यायालयसमेत राज्यबाट टाढिँदै जाँदा नागरिकमा निराशा र आक्रोश बढ्यो ।
- राजतन्त्रको राजनीतिक, आर्थिक तथा साँस्कृतिक प्रभावमा रहेको पुनरुत्थानवादी शक्तिलाई राप्रपा र अन्य राजावादीहरुले व्यवस्थाका विरुद्ध सङ्गठित गर्दै थिए । विभिन्न समयमा उनीहरु सडकमै उत्रिएका थिए । उनीहरुका प्रयासले पनि सरकार बदनाम हुँदै थियो ।
- गत स्थानीय निर्वाचन र आम निर्वाचनपछि ‘पुराना पार्टी, पुराना नेता’ विरुद्ध समाजको विभिन्न तप्का, खासगरी युवा पुस्तालाई प्रभावित पार्दै लगेको थियो । काठमाण्डौका मेयर बालेन्द्र शाहको वरिपरी जोडिँदै गएको समूहले सरकारका विरुद्ध असन्तुष्टी र आक्रोश पोख्दै गएको थियो । त्यस्तो आक्रोश स्वाभाविकरुपमा प्रधानमन्त्री के पी ओली, अन्य प्रमुख नेताहरु, सरकार र राज्य विरुद्ध केन्द्रीत हुँदै गयो ।
- नयाँ शक्तिका रुपमा देखा परेको राष्ट्रिय स्वतन्त्र पार्टीले देशव्यापीरुपमा ‘पुराना पार्टी, पुराना नेता’ को भाष्यलाई देशव्यापीरुपमा सङ्गठित गर्दै गएको थियो । पछिल्लो समय रवि

लामिछानेमाथि विभिन्न मुद्दाहरु लाग्दै गएपछि त्यसबाट जनताको ध्यान मोड्न त्यस पार्टीले सरकारका विरुद्ध एक सूत्रीय एजेण्डाका साथ आफ्नो गतिविधिलाई अगाडि बढाएको थियो ।

- सत्ताबाट बाहिरिएपछि मुख्य प्रतिपक्षी नेकपा माओवादी जसरी भए पनि नेकपा एमाले र नेपाली काङ्ग्रेसको गठबन्धन सरकारलाई असफल पार्न र कुनै न कुनैरुपमा सरकारमा सहभागी हुन चाहान्थ्यो । माओवादीको पार्टी पङ्ति सरकारका विरुद्ध जेसुकै गर्न तयार हुँदै गएको थियो ।
- हाम्रो भूराजनीतिका केही खास विशेषता छन् । हामी विश्व शक्ति बन्दै गएका चीन र भारतका बीचमा छौँ, चीनको स्वशासित प्रदेश तिब्बतको साँधमा छौँ, अमेरिकाले नेतृत्व गरेको पुरानो विश्वव्यवस्था र नयाँ विश्वव्यवस्थाको मुख्य शक्तिका रुपमा चीनको विकासले चर्किंदै गएको विश्व राजनीतिक अवस्थामा हामी चीनका छिमेकमा छौँ, भारत र पश्चिमको सम्बन्ध चिसिँदै गएको र रुस, भारत र चीनको नयाँ गठबन्धन बन्ने चर्चाका बीच हामी छौँ । भारतसँग हाम्रो सम्बन्धका जटीलता हामीले ब्यहोरी रहेका छौँ । यसरी हेर्दा हामी भूराजनीतिक भूमरीमा छौँ । यस्तो भूराजनीतिक तानतानीमा हाम्रो राज्य र समाजका विभिन्न क्षेत्रमा उनीहरुको चलखेल स्वतः स्पष्ट छ ।
- यस्तो परिस्थितिमा सरकारले सामाजिक सञ्जालहरुमा प्रतिबन्ध लगायो । नौजवान युवाहरुको मनोरञ्जन लिने, सम्बाद गर्ने, सम्पर्क स्थापित गर्ने, अध्ययन गर्ने, आफ्नो पहिचान देखाउने, आक्रोश पोख्ने, एकान्त बिताउने, आम्दानी गर्ने बहुआयामिक थलोमाथि अचानक आक्रमण भएपछि उनीहरुमा हाहाकार उत्पन्न भयो । सामाजिक सञ्जालमाथि प्रतिबन्ध फुकुवा गर्ने माग सर्वत्र फैलियो । ठिक यही बिन्दुमा उनीहरुको मागमा भ्रष्टाचारको मुद्दा जोडियो । उपरोक्त पृष्ठभूमिमा २३ गतेको विरोध र्‍यालीले समाजका सबै तप्काको ध्यान तान्यो, समर्थन पायो ।
- समाजको उकुसमुकुसलाई माथि उल्लेख गरिएका सबै शक्ति र तत्वहरुले देखेका थिए र त्यसलाई आआफ्नो हिसाबले उपयोग गर्ने दाउमा थिए । २३ गते सरकारले गरेको नरसंहारबाट उत्पन्न रोषलाई प्रयोग गर्दै २४ गते पर्दा पछाडिका (भूराजनीतिक) शक्तिको पनि योजनामा जेन जीको आन्दोलन अपहरित भयो । माथि उल्लेखित राजनीतिक सामाजिक अन्तरविरोधहरुले सर्वसाधारण मानिसहरुको ठूलो पङ्ति आक्रोश व्यक्त गर्न तयार नै थियो । त्यसलाई उपद्रवी सामाजिक लफङ्गाहरुले उपयोग गरे र तोडफोड, आगजनी र लूटपाटको ताण्डव नाचे ।

## वर्तमान राजनीतिक अवस्था

- २३ र २४ गतेका धक्कापछि नेपालको राजनीतिमा एउटा असाधारण शून्यता छाएको थियो । त्यस असाधारण धक्कालाई त्यही गम्भीरताका साथ समीक्षा गरेर राजनीतिक पार्टीले पुनर्गठन र रुपान्तरणको कार्ययोजनाका साथ अगाडि बढ्नु पर्थ्यो । खासगरी सत्ता स्वार्थका लागि मुलुकको राजनीतिलाई नै बर्बादीमा धकेल्ने नेतृत्वलाई त्यसको जिम्मेवार ठहर्‍याउनु पर्थ्यो र यस बिचमा गरिएको राजनीतिक अभ्यासको पुनरावलोकन गरेर कमजोरीबाट सिक्ने प्रतिबद्धता गर्नु पर्थ्यो । त्यसले जनतालाई पार्टी र त्यसले राजनीतिप्रति जनताको विस्वासलाई पुनर्जाग्रित गर्न सक्थ्यो । तर समय बित्दै जाँदा गएका १० वर्ष राजनीतिलाई अस्तब्यस्त बनाएर मुलुकलाई यस्तो सङ्कटमा धकेलेकाहरु फेरि ब्युँतिदै गएका छन् । राजनीतिमा सुधारको सम्भावना कमजोर हुँदै गएको छ ।
- राजनीतिक पार्टीहरुमा सुधारको कुनै लक्षण नदेखिएको अवस्थामा दलाल पुँजीपति बिचौलियाहरु, स्थायी राज्यका संयन्त्रहरु पनि सुरक्षित महसुस गर्दैछन् । यसले गर्दा मुलुकले ब्यहोरेको विध्वंशका कारणहरु ज्युका त्युँ रहने परिस्थिति बन्दै गएको छ ।

- पुराना पार्टीहरुमा सुधारको गुञ्जाइस हुन्थ्यो भने नयाँ पुस्ताले सजिलै बाटो भेटाउँथ्यो । त्यसको अभावमा अहिले जेन्जीका नाममा दर्जनौं सञ्जाल बन्दै गएका छन् र जिल्लाहरुमा पनि अनेक समूहहरु देखिएका छन् । एकातिर गत आन्दोलनका क्रममा समाजले उनीहरुप्रति देखाएको व्यापक समर्थन र अर्कातिर जेन्जीको कुनै एकीकृत वैचारिक आधार नहुने भएकाले उनीहरुमा सतही आत्मविश्वास र उत्साह देखिन्छ । उनीहरुमध्ये कतिपयमा केही तात्कालिक एजेण्डा छन्, धेरै समूहहरुसँग त असङ्गत मागमात्रै छन् । जसले गर्दा आन्दोलनपछि त्यस पुस्तामा बढेको उत्साहलाई राजनीतिक एजेण्डामा ढालेर मुलुकले पाउन सक्ने राजनीतिको नयाँ भरपर्दो पुस्ता नबन्ने अवस्था देखिँदै छ । तिनीहरु या त विचार बिनाका नयाँ पार्टीमा लागेर वा पुरानै नेताका आँगनमा पुगेर ओत लाग्ने सम्भावना बढ्दै छ ।
- जेन्जी आन्दोलनका क्रममा उठेका मागहरु- लामो समय सत्तामा रहेर राजनीतिलाई विकृत बनाएकाहरुले राजनीतिबाट बिदा लिउन्, भ्रष्टाचारीहरुमाथि कार्यबाही गरियोस्- का लागि पनि उनीहरुको कुनै सङ्गठित पहलकदमी नहुने अवस्था बन्दै गएको छ । यसले समयक्रममा २४ गतेको विध्वंशले उत्पन्न गरेको त्रासद् मनोविज्ञानमात्रै बाँकी रहन सक्ने देखिँदै गएको छ । त्यस्तो मनोविज्ञानले समाजमा अमनचैन हुन दिने छैन ।
- नयाँ भनिने पार्टी र प्रवृत्तिहरुमा विचारहीन पुपुलिष्टहरु एकपछि अर्को बन्ने र भत्किने क्रम जारी छ । पुरानै पार्टीका नेताको जस्तो शक्तिको लोभ तिनमा पनि देखिन्छ । पूर्व कर्मचारी तथा सुरक्षा निकायका अधिकारीहरु पनि आफ्नो विगतका बदला लिन वा त्यसबेला जम्मा गरेको सम्पत्ति सुरक्षित गर्न पनि नयाँ वा वैकल्पिक भनिने राजनीतिमा लागेको देखिन्छ । विचार वा परम्पराका नैतिक बन्धनले नबाँध्ने हुँदा यिनीहरुले राजनीतिमा अझ अवाञ्छित प्रवृत्तिहरु हुल्न सक्ने छन् ।
- पुराना पार्टीको नेतृत्वले सत्ता र पैसाबाहेक सबथोक बेकार हो भनेर प्रशिक्षित गरेको हुँदा पुराना भनिएका पार्टीका कैयन् कार्यकर्ता नयाँ भनिने पार्टीहरुको ओत लाग्ने देखिन्छ । यस्तो प्रवृत्तिले न पुराना पार्टीमा सुधार हुनेछ न त भरपर्दा नयाँ पार्टी बन्नेछन् बरु राजनीति अझ कचिङ्गलग्रस्त हुनेछ ।
- यस्तो अवस्थामा हाम्रो राजनीतिमा भूराजनीतिक चलखेलहरु अझ बढ्दै जानेछन् । त्यसबाट राष्ट्रको स्वतन्त्र निर्णय गर्न सक्ने क्षमता कमजोर हुँदै जाने छ ।
- सङ्क्षेपमा, अस्वीकृत नेतृत्वका हातमा फेरि राजनीतिको बागडोर पुग्दा राजनीति र समाजको तनाव बढ्नेछ । त्यस तनावले राजनीतिलाई अस्थीर बनाइरहने छ । हामी राजनीतिक सङ्कटको एउटा लामो सुरुङ्मा पसिसकेका छौं । सानोतिनो प्रयत्नले यसबाट निस्कन सजिलो छैन ।

## नेपाली समाजको अर्थराजनीतिक सङ्कट

सामन्ती जहानियाँ राणा शासनबाट मुक्त हुँदा नै नेपाल आर्थिकरुपले पराश्रित हुँदै गएको थियो । प्रजातन्त्र स्थापना भएपछि पनि राजनीतिक अस्थिरता जारी रह्यो । २०१७ सालमा पञ्चायती व्यवस्था लागू भयो । त्यसले राज्यको खर्च बढायो तर आन्तरिक उत्पादन बढाउन सकेन । कृषि र उद्योगमा क्रान्तिकारी हस्तक्षेप नगरी गरिबी, बेरोजगारी र विभेद हटाउन सकिँदैनथ्यो, शिक्षा तथा स्वास्थ र अन्य सामाजिक लगानी बढाउन सकिँदैनथ्यो । परिणामतः पञ्चायती व्यवस्थामा दलाल पुँजीवादको विस्तार भयो । त्यसले सामाजिक-आर्थिक सङ्कट बढायो । अन्त्यतः पञ्चायती व्यवस्था नै ढल्यो ।

२०४७ मा प्रजातन्त्र पुनस्थापित भयो । नेपाली काङ्ग्रेसको नेतृत्वमा वित्तिय पुँजीवादी नीतिहरुले पनि दलाल पुँजीवादलाई नै विस्तार गरे । एकातिर संविधानले दिएका व्यक्ति र समुदायका राजनीतिक अधिकारहरु अर्कोतिर दलाल पुँजीवादी अर्थतन्त्रका अन्तरविरोधको समाधान नेपाली काङ्ग्रेससँग थिएन । राज्यको खर्च बढ्दै जाने तर उत्पादन नहुने अवस्थामा राजनीतिक अस्थिरता बढ्नु स्वाभाविक हुन्थ्यो । नेपाली काङ्ग्रेस र नेकपा एमालेका अन्तरविरोध, राजा र संसदका अन्तरविरोध र नेपाल र भारतका अन्तरविरोधमा राष्ट्रिय राजनीति गिजोलिँदै गयो । त्यही मौकामा नेकपा माओवादीले सुरु गरेको जनयुद्धले सङ्कटलाई झन् बढायो । त्यही क्रममा राजाले संसदमाथि आक्रमण गरेपछि संसदीय राजनीतिका ७ दल र माओवादीले राजाका विरुद्ध सहमति गरे । राजतन्त्र अन्त्य भयो ।

२०६२/६३ को क्रान्ति नेपाली समाज र राजनीतिको एउटा पानी ढलो थियो । त्यसले सामन्तवादको राजनीतिक संस्थालाई अन्तिम धक्का दियो र २००६ सालमा सङ्गठितरुपमा सुरु भएको जनवादी क्रान्तिको चरणलाई पूर्णता दियो र संविधानमा संस्थागत गऱ्यो । त्यसपछि नेपाली क्रान्ति समाजवादको नयाँ चरणमा प्रवेश गऱ्यो । त्यसले समाजवादी कार्यदिशा, समाजवादको ठोस कार्यक्रम, समाजवादी राजनीति र समाजवादी सङ्गठनका ठोस सिद्धान्त खोजेको थियो । राजतन्त्रको अन्त्यका साथै कम्युनिष्ट पार्टीले त्यसका लागि आफुलाई तयार गर्नु पर्ने थियो । तर एकातिर, नेपाली समाज र राजनीतिक परिवर्तनको विकासक्रमलाई बुझ्न सक्ने नेतृत्व भएन, अर्कोतर्फ दलाल अर्थात् कम्युनिष्ट पार्टीसँग दलाल पुँजीवादका विरुद्ध लड्ने स्पष्ट राजनीति र सङ्गठन भएन । अर्कातिर बुर्जुवा पार्टी मात्रै होइन ठूलो सङ्ख्यामा कम्युनिष्ट पार्टीका नेताहरु छिटोछिटो सम्पत्ति कमाउने प्रतिस्पर्धामा लागे । नागरिकका दृष्टिमा पार्टीका नेता, सांसद, प्रधानमन्त्री, मन्त्री, न्यायाधिश, प्रशासक, सुरक्षा अधिकारी र दलाल (विचौलिया) उस्तै देखिँदै गए । यसरी राज्य, राजनीति, पार्टी र नेता जनतबाट उखेलिँदै गए । संविधान बनेपछि आकासिएको राष्ट्रको आकाङ्क्षामाथि नेताहरुबाट  लगातार खेलबाड भएपछि जनताको आक्रोश जेन्जी आन्दोलनको समर्थनमा अभिव्यक्त भयो । मौकाको ताकमा रहेका देशभित्र र बाहिरका षडयन्त्रकारी, पुनरुत्थानवादी, पपुलिष्ट, सामाजिक लफङ्गा तथा अपराधीहरुले २३ गते भएको नरसंहारलाई दुरुपयोग गरेर २४ गतेको आगजनी तोडफोड र लूटपाटको ताण्डव नाचे । संविधान बनेको १० वर्षमै नेपाल फेरि भयानक सङ्कटमा धकेलियो ।

## निष्कर्ष :

१. नेपाली राजनीतिको वर्तमान सङ्कट हाम्रो समाजको अर्थराजनीतिक सङ्कटकै अभिव्यक्ति हो । दलाल पुँजीवादले मुख्यतः उद्यमशील तथा राष्ट्रिय पुँजीको विकासलाई रोक्छ र बेरोजगारी, गरिबी, विभेदलाई बढाउँछ । राज्यलाई नियन्त्रण गर्छ र सुशासन हुन दिँदैन । त्यसरी समाजलाई सधैँ सङ्कट र अस्थिरतामा राख्छ ।

२. नेपाली समाजको विकासको गतिलाई अवरुद्ध गर्ने दलाल पुँजीवादको वर्चस्वलाई अन्त्य गर्दै अगाडि बढ्नु क्रान्तिको रणनीतिक अभिभारा हो । तर पुराना भनिएका मुख्य पार्टीका नेतृत्वले दलाल पुँजीवादलाई सहवरण गरेका छन् तर आन्तरिक लोकतन्त्रलाई कमजोर बनाएका छन् । पार्टीहरु दलाल पुँजीवादका विरुद्ध लड्ने राजनीतिक राजनीतिक शक्ति नहुँदा मुलुकमा सङ्कटहरु आइरहन्छन् ।

३. नयाँ भनिएका पार्टी र प्रवृत्तिमा वैचारिक, सैद्धान्तिक, राजनीतिक तथा कार्यक्रमिक आधार र योजना छैनन् । पुराना पार्टीका नालायकीको विरुद्ध केही मुद्दाहरुमा जनतालाई प्रभावित पारे पनि अन्त्यतः तिनीहरु पनि दलाल पुँजीवादकै शिकार बन्नेछन् भन्ने कुरामा शङ्का छैन ।

४. तसर्थ, उपरोक्त पार्टीहरुको विकल्पमा नयाँ र क्रान्तिकरी पार्टीको निर्माण गर्नु हाम्रो आजको अभिभारा हो । त्यसलाई ठोसरुपमा यसरी भन्न सकिन्छ : एकातिर, पुराना भनिएका पार्टीको नेतृत्व दलाल पुँजीवादसँग एकाकार हुँदै गएको छ र ती पार्टीमा आन्तरिक लोकतन्त्र कमजोर छ, त्यसैले दलाल पुँजीवादसँग लड्ने फराकिलो आन्तरिक लोकतन्त्र भएको पार्टी निर्माण गर्नु पर्छ । अर्कोतर्फ, नयाँ भनिएका पार्टी केवल पपुलिष्ट एजेण्डामा बनेका हुँदा अबको क्रान्तिकारी पार्टी विचार, सिद्धान्त, राजनीति तथा क्रान्तिकारी सङ्गठनमा आधारित हुनु पर्छ ।

समाजवादको ठोस कार्यभारलाई नेतृत्व गर्न सक्ने निम्न विशेषता भएको पार्टी सङ्गठन निर्माण गर्ने कुरा हामीले एकता घोषणाको पत्रकार सम्मेलनमा स्पष्ट पारिसकेका छौँ :

- दलाल पुँजीवादका ठाउँमा राष्ट्रिय पुँजीको विकास गर्दै समाजवादी रुपान्तरणलाई सुनिश्चित गर्ने,
- सबै क्षेत्रमा राष्ट्रिय पुँजीको विकास गरी बेरोजगारी अन्त्य गर्ने योजनालाई नेतृत्व गर्न सक्ने, सबै खालका सामाजिक विभेदहरु उन्मुलन गर्ने अभियानलाई अगुवाई गर्न सक्ने र भ्रष्टाचारलाई अन्त्य गर्दै सुशासनलाई प्रत्याभूति गर्न सक्ने समाजवादी ध्येयको सङ्गठन,
- आजको युगमा पुँजीवादी साम्राज्यवादी शोषणका विरुद्ध लड्न सक्ने चेतनाको सदस्यहरुको सङ्गठन,
- मुलुकको सार्वभौमसत्ता, स्वतन्त्रता र स्वाधीनका प्रश्नमा हरेक सदस्य सचेत रहेको सङ्गठन,
- सबै सदस्यहरुमा क्रान्तिकारी वैचारिक तथा साङ्ठानिक योग्यता सुनिश्चित हुने मापदण्डका आधारमा हरेक कमिटीका पदाधिकारीको चयन, निर्वाचनका उम्मेदवारहरुको चयनलगायत अन्य विषयमा माथिल्ला कमिटीको कुनै पनि हस्तक्षेप नहुने व्यवस्था,
- पार्टीका सबै सदस्यहरु आफ्नै उत्पादनमा बाँच्छन् भन्ने कुराको प्रत्याभूति,
- सबै कमिटी निर्वाचित हुने र सबै निर्णय संस्थागत हुने,
- नीतिगत सबै निर्णयमा कुनै कमिटीका सदस्यले मात्रै होइन, सबै सदस्यले भोट गर्न पाउने (यस्तो प्रत्यक्ष लोकतन्त्रको अभ्यास गर्न आजको प्रविधिले सम्भव बनाएको छ),
- हरेक कमिटीका उम्मेदवार पदाधिकारीहरुमाथि सार्वजनिक उजुरीको व्यवस्था,
- पदका कारणले आर्थिक हैसियत नबढ्ने कुराको ग्यारण्टी (अर्थात् सार्वजनिक पदमा पुगेको कसैले पनि घुस खाँदैन भन्ने कुराको प्रत्याभूति),
- कुनै पनि फौजदारी मुद्दा लागेको व्यक्तिको सदस्यता स्वतः निलम्बन हुने,
- आदेश र फर्मानमा होइन, सम्बाद र सहकार्यमा आधारित,
- जनसंगठनका अध्यक्षहरु सम्बन्धित तहको पार्टी कमिटीको सदस्य हुने, इञ्चार्जका नाममा कसैलाई पनि नपठाउने,
- पार्टीको तर्फबाट गएका सबै जनप्रतिनिधि त्यही स्तरको पार्टी कमिटीको प्रत्यक्ष निर्देशनअन्तरगत रहने,
- सबै तहका जनप्रतिनिधिको उम्मेदवारको क्रान्तिकारी योग्यताको निर्धारण,
- हरेक तहका कमिटीका सदस्यको योग्यता निर्धारण गरिने,
- सदस्यहरुको सदस्यता शुल्क र पारदर्शी सार्वजनिक चन्दामा आधारित आर्थिक व्यवस्थापन,
- जिम्मेवारी पूरा गर्न नसक्ने कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त हुने,
- हरेक कमिटीमा चुनिन पाउने अवधिको निर्धारण, आदि ।

## हाम्रा तात्कालिक अभिभाराहरु :

**क. सङ्गठनात्मक काम**
आगामी राष्ट्रिय सम्मेलनसम्म हामीले कम्तिमा पनि सबै प्रदेश र जिल्ला तथा प्रमुख पालिकाहरुमा कमिटीहरु निर्माण गरी सक्नु पर्छ । त्यसका लागि अलग्गै योजना बनाउनु पर्छ ।

**ख. पार्टीको समाजवादी कार्यक्रम निर्माण गर्ने**
दलाल पुँजीवादको ठाउँमा राष्ट्रिय पुँजीको विकास गर्दै, १०/१२ वर्षमा सबै नेपालीलाई रोजगारी दिने र भ्रष्टाचार, अपारदर्शिता, ढिलासुस्ती तथा अनियमितताको अन्त्य गरी सुशासनको स्थापना गर्दै, समाजवादको आधार तयार गर्ने कार्यभारलाई विस्तृतीकरण गरी आगामी राष्ट्रिय सम्मेलनबाट समाजवादको आजको ठोस कार्यभार रुपमा अगाडि सार्नु पर्छ ।

**ग. सङ्घर्ष र प्रचारका काम**
राजनीतिक पार्टी सामाजिक वर्गहरुको प्रतिनिधि पार्टी हो । क्रान्तिकारी पार्टीको विकास सिद्धान्त, सङ्गठन र सङ्घर्षको अन्योन्याश्रित अन्तरक्रियाबाट हुन्छ । त्यसैले जति सकिन्छ छिटो हामीले पनि कुनै न कुनै रुपमा आन्दोलन सङ्गठित गर्नु पर्छ । आगामी निर्वाचनलाई समेत आन्दोलनका रुपमा सञ्चालन गर्नु पर्छ । हामीले गर्ने सङ्घर्षका कामको प्रचारले हाम्रो सङ्गठनको आधार तयार गर्नेछ ।

**घ. वैचारिक काम**
वैचारिक काम हाम्रो औधि महत्वको क्षेत्र हो । हामीले नयाँ र क्रान्तिकारी कम्युनिष्ट विकल्पको पहलकदमी गरेका छौँ । यस क्षेत्रमा हामीले गर्ने कामले सम्पूर्ण वाम आन्दोनललाई प्रभावित पार्नेछ । पार्टीभित्र र सार्वजनिकरुपमा पनि वैचारिक कामलाई व्यवस्थित गर्नु पर्छ । खासगरी अहिलेको सूचना प्रविधिमा आधारित प्रशिक्षण तथा सार्वजनिक बहसका लागि हामीले आफुलाई तयार पार्नु पर्छ ।

कमरेडहरु,
हामीले सुरु गरेको पहलकदमीका अनेकौँ सीमाहरु छन् । एकातिर पार्टीको अस्तित्वका लागि अदालतमा लामो समयसम्म मुद्दा लड्नु पर्दा नेकपा संयुक्तले पार्टी निर्माणमा अनेकौँ समस्याहरुको सामना गर्नु पर्‍यो । केही दिन अघिमात्रै पार्टीले कानूनी मान्यता पाएको छ । अर्कोतर्फ नेकपा एकीकृत समाजवादीमा नेतृत्वले पार्टीको औचित्य सावित गर्न नसकेर आत्म समर्पण गर्ने नीति लिएपछि त्यसबाट अलग भएर पार्टीको पुनर्गठनतर्फ लाग्दा भेल्नु परेका अनेक समस्याहरुबाट हामी अहिले पनि प्रभावित छौँ । यस क्रममा व्यवहारिकरुपमा हामीले अझै धेरै अस्तब्यस्तताहरुको सामना गर्नु पर्नेछ । नेपालको आजको ठोस राजनीतिक अवस्थामा हामीले जुन अभिभारा कबोल गरका छौँ रणनीतिकरुपमा हामी अरु सबैभन्दा ठिक ठाउँमा उभिएका छौँ । आजको अवस्थामा क्रान्तिकारी विकल्प किन आवश्यक छ र त्यो कस्तो हुन्छ भन्ने विषयमा हामीसँग कसैले सामना गर्न सक्ने छैन । व्यावहारिकरुपमा हामीले आफ्नो योग्यताको प्रदर्शन गर्नु पर्नेछ । क्रान्तिकारी धैर्यता र प्रतिबद्धताका साथ व्यवहारबाट सिक्दै अगाडि बढ्दा हामीले नेपालको कम्युनिष्ट आन्दोलनलाई पुनर्गठन र रुपान्तरण गर्ने अभिभारा पूरा गर्नेछौँ ।

**घनश्याम भूसाल**
**२०८२ मंसिर १४**